स्थानीय सरकार

सम्पर्क नं.०२५-५४३०३०

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३
च.नं.-

मिति:२०८२/१०/२७

## निःशुल्क उद्यमशिलता विकास तालिम सम्बन्धी सूचना

दुहवी नगरपालिकाको आयोजनामा आ.व. २०८२/८३ को लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई स्वदेशमै स्वरोजगार तथा दिगो व्यवसाय सञ्चालनतर्फ अभिप्रेरित गर्ने उद्देश्यले **निःशुल्क उद्यमशिलता विकास तालिम** सञ्चालन गर्न लागिएको हुँदा योग्य तथा इच्छुक व्यक्तिहरूले आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तालिम सम्बन्धी विवरणः**

- **तालिमको नामः** उद्यमशिलता विकास तालिम
- **लक्षित समूहः** वैदेशिक रोजगारीबाट फर्किएका महिला तथा पुरुष
- तालिम अवधिः ७ दिन
- तालिम शुल्कः पूर्ण रूपमा निःशुल्क
- **सहभागी संख्याः** २५ जना

**आवेदन दिनका लागि योग्यताः**

- नेपाली नागरिक भई वैदेशिक रोजगारीबाट फर्किएको हुनुपर्ने
- व्यवसाय सञ्चालन गर्न इच्छुक वा स्वरोजगार हुन चाहने
- प्राथमिकताः महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, विपन्न वर्ग आदि

**आवेदन दिने तरिकाः**

इच्छुक व्यक्तिले आवश्यक कागजातहरू (नागरिकताको प्रतिलिपि, पासपोर्ट साइज फोटो, वैदेशिक रोजगारीबाट फर्किएको प्रमाण जस्तै श्रम स्वीकृति, पासपोर्टमा आगमन छाप लागेको प्रतिलिपि आदि) सहित मिति २०८२/११/०५ गते भित्र दुहवी नगरपालिकाको रोजगार सेवा केन्द्रमा उपस्थित भई आवेदन दिन सक्नुहुनेछ।

*थप जानकारीको लागि दुहवी नगरपालिकाको रोजगार तथा उद्यम विकास शाखामा सम्पर्क गर्न जानकारी गराइन्छ ।*

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत